# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. : —
पत्र संख्या : २०८२/०८३

**दीर्घ रोगी मासिक औषधी उपचार खर्चका लागि नविकरण गर्ने सम्बन्धी सूचना ।**

**सुचना नं. ५ सुचना प्रकाशन मिति : २०८२/०४/०४**

प्रस्तुत सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी **"मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७८"** को दफा ६ बमोजिम यस माथागढी गाउँपालिका भित्रका दीर्घ रोग उपचारका लागि मासिक रु.५०००। प्राप्त गर्ने लक्षित समुहका लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा **मिति** २०८२ श्रावण मसान्त भित्र आवश्यक कागजात सहित नवीकरण गर्नुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

*लक्षित समुहका लाभग्राहीहरु* :

१) मृगौला प्रत्यारोपण गरेका ।

२) डायलासिस गरिरहेका ।

३) क्यान्सर रोगी पहिचान भई उपचार पछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचार पछि निको भईसकेका तर चिकित्सकले तीन तीन महिना भित्र निरन्तर निगरानी (**Close Follow up**) राखेका व्यक्ती र

४) मेरुदण्ड पक्षघातका व्यक्तीहरु ( रातो र निलो अपाङ्ग परिचय पत्र बाहक)

*आवश्यक कागजातहरु* :

राष्ट्रिय परिचय पत्र नम्बर वा नागरिकताको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी, अनुसुची १ बमोजिमको ढाँचामा चिकित्सकको सिफारिस, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी, नियमित उपचार गरिरहेको कार्डको प्रतिलिपी र नेपाल सरकार वा स्वामित्वमा रहेको संस्थाबाट रोजगारी/निवित्तिभरण, विदेशी सरकारबाट रोजगारी/पेन्सन आदी नलिएको स्वघोषणा पत्र ।

२०८२/०४/०४

केशब बहादुर जि.सी.
स्वास्थ्य शाखा प्रमुख